# दंगीशरण गांउँपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, बुटवल

मिति : २०७८।०४।१९

पत्र संख्या :-२०७८।०७९
च नं :- ६४

विषय : विशेषज्ञ तथा विषय विशेषज्ञमा सुचिकृत हुने सम्वन्धि सुचना ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेका तथा रिक्त हुने शिक्षक पदमा नियमानुसार करार शिक्षक छनौट समितिमा विशेषज्ञको रुपमा तथा विद्यालयहरुमा विषयगत रुपमा समुह सुपरिवेक्षण गर्ने प्रयोजनको लागि देहायअनुसार योग्यता पुगेका इच्छुक स्थायी शिक्षकहरुले निम्नाअनुसारका कागजात सहित सुचना प्रकाशन भएको मितिले १५ पन्ध्र दिन भित्र गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेंश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

१ आधारभुत तह १-५ का लागि

- सम्वन्धित तह वा माथिल्लो तहमा स्थायी नियुक्ती भई परीक्षण काल पुरा गरेको ।
- न्युनतम योग्यता शिक्षा शास्त्रमा स्नातक वा सो सरह उतीर्ण ।

२ आधारभुत तह कक्षा ६-८ लागि

- सम्वन्धित तह वा माथिल्लो तह विषयमा स्थायी नियुक्ती भई परीक्षण काल पुरा गरेको ।
- शिक्षा शास्त्रमा स्नातक वा सो सरह उतीर्ण ।

३ माध्यामिक तहका लागि

- सम्वन्धित तह विषयमा स्थायी नियुक्ती भई परीक्षण काल पुरा गरेको
- शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह उतीर्ण ।
- कक्षा ११-१२ को लागि स्नातकोत्तर वा सो सरहको योग्यतामा न्युनतम द्धितिय श्रेणीमा उतिर्ण ।

संलग्न गर्नुपर्ने कागजातहरु

१ नागिरकताको प्रमाणपत्रको प्रतिलिपि

२ शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु

३ स्थायी नियुक्ति पत्र र स्थायी अध्यापन अनुमतपत्रको प्रतिलिपि

नोट माथिल्लो तहमा स्थायी नियुक्ति भएको शिक्षकले तल्लो तहमा समेत विशेषज्ञ भई कामकाज गर्न चाहेमा सो को ब्यहोरा खुलाई निवेदन दिनुपर्ने छ ।

शाखा अधिकृत (प्रा.)

श्री सुचना प्रविधि शाखा : सुचना web site मा अपलोड गरिदिनहुन ।